महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष :- ४ अङ्क :- १३ महिना :- फागुन

श्रृंखला- १३

## सञ्चार अनुगमन मासिक प्रतिवेदन- फागुन २०७१

राजधानीबाट प्रकाशित दैनिक अखबारहरुको अनुगमन गर्दा २०७१ को फागुन महिनामा मुलुकभर महिला र बालबालिकामाथि भएका हिंसाका २९ वटा घटना भएको पाइएको छ । त्यसमध्ये महिला हिंसासँग सम्बन्धित समाचार १७ वटा रहेका छन् भने बालबालिकासँग सम्बन्धित १२ समाचार प्रकाशित भएका छन् । प्रकाशित समाचारहरुमा महिला तथा बालबालिकाको हत्या, बलात्कार, कुटपिट, घरेलु हिंसा, यौनजन्य हिंसा जस्ता घटनाहरुसँग सम्बन्धित विषयहरु रहेका छन् ।

शारीरिक रुपमा अशक्त महिलालाई घरमा कोही नभएको मौकापारी बलात्कार, अबोधपनको फाइदा उढाउँदै र लोभलालच तथा डरधम्की दिएर अपहरण गरी यौन पिपाषुहरुले अबोध बालिकाको बलात्कारपछि हत्या, त्यसैगरी राजधानीको मुटु वसन्तपुरनजिकै पुण्यबहालमा रहेको ए माइनस प्लस ट्युसन पढ्न गएका दुई छात्रामाथि एसिड आक्रमण यो महिला र बालबालिकामाथि भएको हिंसा हो उदाहरण हो ।

अदालतले मागेको धरौटी रकम बुझाउन नसकेपछि एक असहाय नाबालक जगन्नाथ देवलस्थित केन्द्रीय कारागारमा बन्दी जीवन बिताउन बाध्य छन् । *(नागरिक दैनिक २० फागुन २०७१, पेज १)* चोरीको अभियागमा मुद्दा चलाइएका उदयपुर सिम्ले ५ का विकास राई दनुवारलाई कानुनविपरीत अरु अपराधीसंगै थुनामा राखिएको छ ।

शारीरिक रुपमा अशक्त महिलालाई घरमा कोही नभएको मौकापारी बलात्कार गर्ने सोही ठाउँ बस्ने ४८ बर्षीया तोपबहादुर गाहा मगरलाई प्रहरीले पक्राउ *(नेपाल समाचारपत्र, २२ फागुन २०७१, पेज ५)* गरेको छ ।

विदेशमा रहेका पतिसंग टेलिफोनमा झगडा गरेकी आमाले ९ बर्षीय छोराको घाँटी रेटी हत्या गरेका छन्, भने आफुले पंखामा झुण्डिर आत्महत्या गर्ने *(कान्तिपुर दैनिक १७ फागुन २०७१, पेज ८)* प्रयास गरेका छन् ।

अबोधपनको फाइदा उढाउँदै र लोभलालच तथा डरधम्की दिएर अपहरण गरी यौन पिपाषुहरुले बारा कलैयाकी सात बर्षीया बालिकाको काठमाडौंको कान्ति बाल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको छ । *(अन्नपूर्ण पोष्ट २७ फागुन २०७१, पेज १)* बालिका फागुन ९ गते बलात्कारपछि अचेत अवस्थामा फेला परेकी थिइन ।

राजधानीबाट प्रकाशित पाँच दैनिक गोरखापत्र, कान्तिपुर, नागरिक, नेपाल समाचारपत्र र अन्नपूर्ण पोष्टका अनुसार यस महिनामा ३ महिलाको हत्या भएको छ । ६ महिला बोक्सी आरोपबाट पीडित भएका छन् । त्यसैगरी दाइजो र बलात्कारमा २-२ जना महिला पीडित भएका छन् भने १ महिला सामूहिक बलातकारको शिकारमा परेकी छन् ।  कुटपिटमा परी १ महिला पीडित भएका छन् ।




अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना १२ वटा पहिचान गरेका छन् । त्यस मध्ये नवजात शिशु सहित ३ बालबालिको हत्या भएको छ । बलात्कारको शिकारमा परेका ४ बालिकाको मार्मिक विवरण प्रकाशमा आएको छ । त्यसैगरी २ बालबालिका घाइते भएको समाचार पनि प्रकाशमा आएको छ भने १ असहाय बालक कारागारमा बन्दी जीवन बिताउन बाध्य भएको समाचार पनि प्रकाशित भएको छ । यौन दूर्व्यवहार र बालविवाहमा १-१ बालिका प्रभावित भएको पाइएको छ ।



मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले हतियारजन्य हिंसासँग सम्बन्धित घटनाको पनि अनुगमन गरेको छ । अखबारहरुका अनुसार फागुन महिनामा महिला र पुरुष गरी ८ जना हतियारजन्य हिंसाबाट प्रभावित भएका छन् । बन्दुक तथा अन्य हतियारको प्रयोगबाट भएको हिंसामा ४ पुरुष, ४ महिला प्रभावित भएको सञ्चार अनुगमनका क्रममा पाइएको छ । प्रभावित हुने पुरुषमा २ को मृत्यु भएको छ भने २ घाइते छन् । त्यसैगरी ४ महिला घाइते भएको पाइएको छ ।




हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल ६, मध्यमाञ्चल ८ पश्चिामाञ्चल ४, मध्य-पश्चिमाञ्चल १ र  सुदूरपश्चिमाञ्चलमा ३ रहेको देखिन्छ ।



# महिलामैत्री संविधानका लागि जोड

खड्कबहादुर अस्लामी (मगर) :-



काठमाडौं फागुन २४ गते ८ मार्च अर्थात १०५ औं अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा ***"लैङ्गिग मैत्री संविधान, महिला हिंसाको निदान"*** भन्ने नाराका साथ नेपालमा पनि विभिन्न चेतनामूलक कार्यक्रम आयोजना गरी सम्पन्न भएको छ । यसै सन्दर्भमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय महिला आयोग लगायत तीन दर्जन भन्दा बढी विभिन्न गैरसरकारी संघसंस्थाले आयोजना गरेको पदयात्रामा मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) को पनि सहभागिता रहेको थियो ।

प्रदर्शनीमार्गस्थित भृकुटीमण्डपबाट सुरु भएको सो पदयात्रा भद्रकाली मन्दिर, सहिदढोका, सुन्धार र नयाँ सडक हुदै बसन्तपुरमा पुगेर कोणसभामा परिणत भएको थियो । ऱ्यालीमा सहभागीले **महिला हिंसा अन्त्य गरौं, आमाको नामबाट नागरिता पाउनुपर्छ, विभेदपूर्ण कानुन संशोधन गरौं, विकास तथा नीति निर्माणमा महिला सहभागिता बढाऔं** लगायतका नारा लेखिएका प्लेकार्ड बोकेका थिए ।



सो अवसरमा महिला मन्त्रालयका सचिव धनबहादुर तामाङले अन्तर्राष्ट्रि महिला दिवसले महिलालाई आफ्ना हक अधिकारका बारेमा आवाज उठाउन सहज बनाउको उल्लेख गर्नुभएको थियो । महिला हिंसा अन्त्यका लागि महिलामात्रैले भन्दा पनि पुरुषसँगै अन्य सरोकारवाला संघसंस्था सँगसँगै सङ्घर्ष गर्नुपर्ने धारणा राख्नुभएको थियो ।

महिला आयोगका अध्यक्ष शेष चाँदताराले जबसम्म महिलाको सवाल संविधानमा सुनिश्चित हुदैन तबसम्म महिलाहरु अधिकारबाट बञ्चित भइरहने बताउनु भयो । वहाँले अन्य देशको तुलनामा नेपालको उत्कृष्ट कानुन हुँदाहुँदै कार्यान्वयन हुन नसकेको गुनासो गर्नुभएको थियो । आयोगकी सदस्य उर्मिलादेवी विश्वकर्मा, गैरसरकारी संस्था महासंघका अध्यक्ष शर्मिला कार्की लगायत अन्य महिला अधिकारकर्मीहरुले महिलामैत्री संविधानकालागि महिला एकीकृत भएर अगाडि बढ्नुपर्नेमा जोड दिएका थिए ।

# प्रेस विज्ञप्ति

Media for Human Rights and Democracy
मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल
Institute of Human Rights Communication Nepal
(IHRICON)
G.P.O. Box No. 5188, Thapathali, Kathmandu.
Phone: 977-1-4253943, Fax: 977-1-4216148
Email: ihricon@mos.com.np

## प्रेस विज्ञप्ति

मिति : २०७१ फागुन ११

कक्षा कोठामा पढिरहेका दुई किशोरीमाथि राजधानीमा दिनदहाडै एसिड आक्रमण भएको २०७१ फागुन १० गतेको घटनाप्रति मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) को गम्भीर ध्यानाकर्षण भएको छ ।

रामेछाप घर भई काठमाडौंको जैसीदेवल बस्ने १६ वर्षीया संगीता मगर र रौतहट घर भई काठमाडौंकै भीमसेनस्थान बस्ने १५ वर्षीया सीमा बस्नेतमाथि दिनदहाडै आक्रमण गरी घाइते बनाएको समाचारले सबैलाई गम्भीर बनाउनु स्वाभाविकै हो ।

गम्भीर घाइते भएकी मगरको सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा र बस्नेतको वीर अस्पतालमा उपचार भइरहेको छ । मगरको अनुहार, दाहिने छाती र तिघ्रामा गम्भीर चोट लागेको छ । मगर बोल्नसक्ने भए पनि शरीरको आधा भाग जलेका कारण स्थिति गम्भीर रहेको अस्पताल स्रोतले जनाएको छ ।

राजधानीमा कक्षामै गएर किशोरीमाथि एसिड प्रहार गरिएको सम्भवत: यो पहिलो घटना हो । यस प्रकारको घटनाले मुलुकमा बढ्दै गरेको हिंसाको नयाँ रुपलाई उजागर गरेको छ । १५ र १६ वर्षका किशोरीमाथि भएको यस आक्रमणले महिला तथा बालिकाको असुरक्षित स्थितिलाई बाहिर ल्याएको छ । यस घटनाका दोषीलाई पक्राउ गर्न सुरक्षा निकाय यो विज्ञप्ति प्रकाशित गर्दासम्म असमर्थ रहेको छ । इह्रिकन दोषी पहिचान गरी कानुनी दायरामा ल्याउन र यस प्रकारका असामाजिक तथा आपराधिक घटना दोहोरिन नदिन सरकारको सम्बन्धित निकायको ध्यानाकर्षण गर्नुका साथै अपराधरहित तथा सभ्य समाजको सिर्जनाका लागि सबैको सुझबुझपूर्ण ऐक्यवद्धताका लागि अपिल गर्दछ ।

यस घटनाको स्वतन्त्र एवं निष्पक्ष छानविन गरी पीडित किशोरीहरु तथा उनीहरुको परिवारलाई न्याय दिलाउनुका साथै उपचारका लागि उचित सहयोग गर्न इह्रिकन सम्बन्धित सबैमा जोडदार माग गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।

कपिल काफ्ले
कार्यकारी निर्देशक

Media for Human Rights and Democracy
मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल
Institute of Human Rights Communication Nepal
(IHRICON)
G.P.O. Box No. 5188, Thapathali, Kathmandu.
Phone: 977-1-4253943, Fax: 977-1-4216148
Email: ihricon@mos.com.np

## प्रेस विज्ञप्ति

मिति : २०७१ फागुन २४

बाराको कलैयामा फागुन ८ गते साँझ बेपत्ता पारिएकी ६ वर्षीया बालिका ९ गते विहान बलात्कार पश्चात अचेत अवसथामा फेलापारी १४ दिन देखि काठमाडौंको कान्ति बाल अस्पतालमा उपचारकै क्रममा आइतबार निधन भएको घटनाले मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) को गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त घटनाको सन्दर्भमा विभिन्न सरोकारवाला निकायले घटनास्थलमा पुगी अनुगमन पनि गरिसकेको अवस्था छ । यद्यपि नेपाल सरकारले सत्यतथ्य खुलाउन सकिरहेको छैन, जसका कारणले उक्त घटनाप्रति नेपाल सरकारले कुनै प्रभावकारी कदम चाल्न उदासिन रहेको देखाउँछ । यस घटनाले नेपालको अनतरिम संविधान २०६३ ले प्रत्यायोजन गरेको मौलिक हकको हनन हुनुको साथै विभिन्न बालअधिकार/मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुमा नेपालले जाहेर गरेको प्रतिवद्धताको समेत हनन भएको छ ।

यस प्रकारको घटना नेपालमा पहिलो पटक घटेको होइन । पहिले पनि विभिन्न ठाउँहरुमा यस्ता घटनाहरु घटिरहेका छन् । यसरी बालबालिका विभिन्न किसिमका हिंसामा परिरहेका तथा बालिकाको हत्या भईरहेको अवस्थमा पनि नेपाल सरकारले दोषीलाई कारवाही गर्ने तथा पीडितलाई उचित न्यायको व्यवस्था गर्न उदासिन भईबसेको प्रति इह्रिकन केद प्रकट गर्दछ ।

दोषी पहिचान गरी कानुनी दायरामा ल्याउन र यस प्रकारका असामाजिक तथा आपराधिक घटना दोहोरिन नदिन सरकारको सम्बन्धित निकायको ध्यानाकर्षण गर्नुका साथै अपराधरहित तथा सभ्य समाजको सिर्जनाका लागि सबैको सुझबुझपूर्ण ऐक्यवद्धताका लागि अपिल गर्दछ । साथै यस घटनाको स्वतन्त्र एवं निष्पक्ष छानविन गरी पीडित किशोरी तथा उनको परिवारलाई न्याय दिलाउन इह्रिकन सम्बन्धित सबैमा जोडदार माग गर्दै मृतक बालिकाको आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

कपिल काफ्ले
कार्यकारी निर्देशक

जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपा (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. **०१-५०११२०४** मा सम्पर्क गर्नुहुन अनुरोध छ ।